श्री बाँके जिल्ला अदालतबाट सर्वसाधारणका लागि जारी भएको

# मोटरसाइकलहरु लिलाम बिक्री गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०७३/०९/०३

यस अदालतमा दायर भएका विभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखिला हुन आई अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहरिएका र विचाराधीन रहेका विभिन्न मुद्दाहरुमा यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका मोटरसाइकलहरु मध्ये तपसिलमा उल्लिखित मोटरसाइकलहरु जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०क र ९०ख बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७३/०८/२४ मा बसेको मूल्याङ्कन समितिको बैठकले तोकेको मूल्यमा उल्लिखित सम्पूर्ण मोटरसाइकलहरु मिति २०७३/०९/२५ मा एकमुष्ठरुपमा लिलामी हुने भएकोले बढावढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरु लागू हुनेछन्।

<u>लिलामबिक्री हुने मोटरसाइकलहरुको विवरण</u>

| सि.नं. | मोटरसाइकलको नाम | मोटरसाइकल दर्ता नं. | जिन्सी नं. | मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजाज पल्सर १८० सीसी | भे.३.प.६१८५ | २०/१०५ | ५०,००० | |
| २ | बजाज पल्सर १८० सीसी | भे.२.प.९५४१ | २२/१०७ | ४०,००० | |
| ३ | बजाज पल्सर २०० सीसी | रा.२.प.२५०० | ७८/७८ | १,५०,००० | |
| ४ | यामाहा ग्लाडिएटर १२५ सीसी | भे.२.प.४७०३ | ११९/२०३ | ४०,००० | |
| ५ | हिरो १०० सीसी | भे.४.प.४१८३ | २३/१०८ | ४०,००० | |
| ६ | बजाज पल्सर १८० सीसी | रा.२.प.१५९५ | ८९/१७४ | ६०,००० | |
| ७ | बजाज डिस्कवर १०० सीसी | UP.40.F.1233 | ९०/१७५ | ५,००० | पत्रु |
| ८ | कावासाकी १२५ सीसी | से.१.प.३३८५ | ५६/५६ | ५,००० | पत्रु |
| ९ | बजाज पल्सर १५० सीसी | भे.३.प.३९७३ | ६४/६४ | ४०,००० | |
| १० | टि.भि.एस. १०० सीसी | भे.१.प.६१८५ | ७९/७९ | १०,००० | |
| ११ | बजाज पल्सर १५० सीसी | भे.३.प.८०३४ | ८६/८६ | ७०,००० | |
| १२ | टि.भि.एस. १०० सीसी | UP.40.F.3050 | ५/९० | ५,००० | पत्रु |
| १३ | बजाज डिस्कवर १३५ सीसी | भे.२.प.८१३९ | १९/१०४ | २२,००० | |
| १४ | हिरो होण्डा १०० सीसी | भे.१.प.४५२९ | २४/१०९ | १०,००० | |
| १५ | बजाज डिस्कवर १३५ सीसी | भे.२.प.९५५७ | ५०/१३५ | १५,००० | |
| १६ | बजाज डिस्कवर १३५ सीसी | बा.३९.प.७१३७ | ८२/१६७ | २५,००० | |
| १७ | बजाज पल्सर १५० सीसी | भे.२.प.५३८० | ५०/५० | ३५,००० | |
| १८ | बजाज पल्सर १८० सीसी | भे.२.प.६७३१ | ८४/८४ | ४०,००० | |
| जम्मा | | | | रु.६,६२,००० | |

शर्तहरु

१. डाँक लिलाम मिति २०७३/०९/२५ मा हुने भएकाले यस अदालतको तहसिल शाखामा दिनको १० बजे देखि कार्यालय समयसम्म डाँक लिलाममा बोलकबोल गर्न सकिनेछ। तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

२. मिति २०७३/०८/२४ मा बसेको मूल्याङ्कन समितिको बैठकले तोकेको न्यूनतम मूल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ। सम्पूर्ण मोटरसाइकलहरु एकमुष्ठरुपमा लिलामी बिक्री गरिने हुँदा एकमुष्ठरुपमा नै बढाबढ हुनेछ। लिलामी हुने मोटरसाइकलहरु एकमुष्ठ न्यूनतम मूल्य रु.६,६२,०००/- (छलाख बैसठ्ठी हजार) रहेको छ।

३. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराइनेछ।

४. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको १० प्रतिशतले हुने नगद धरौट राख्नु पर्नेछ। डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ। लिलाम सकार गर्नेले बाँकी रकम लिलाम भएको मितिबाट ७ दिनभित्र दाखिला गर्नुपर्नेछ। ७ दिनभित्र रकम दाखिला नगरे डाँक लिलाम भएको दिन धरौटीमा दाखिला गरेको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामीको सूचना प्रकाशित गरिनेछ।

५. उल्लिखित सवारी साधनहरु जे जुन अवस्थामा छन् सोही अवस्थामा लिलामी गरिनेछ। लिलाम हुने सवारी साधन हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा सम्पर्क राखी हेर्न सकिनेछ।

६. लिलाम सकार गरेको एक महिना भित्र सकार गरेको मोटरसाइकलहरु उठाई लैजानु पर्नेछ। उल्लिखित विवरणको कैफियत महलमा पत्रु भनी उल्लेख गरिएका मोटरसाइकलहरु सवारी साधनको रुपमा प्रयोग र दर्ता गर्न नपाइने हुँदा डाँक सकार गर्नेले आफ्नै खर्चमा इन्जिन र चेसिस काटकुट गरी पत्रुको रुपमा उठाई लैजानु पर्नेछ।

७. सवारी साधन आफ्नो नाउँमा दर्ता गर्दा नियमानुसार लाग्ने शुल्क तथा र प्रचलित कानून बमोजिम लाग्ने अन्य दस्तुर समेत डाँक सकार गर्नेले नै बेहोर्नु पर्नेछ।

८. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

९. यस सम्बन्धमा थप बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।